



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार २२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिœको भैकन बल्नुछ // 2021 July 06 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०८

## प्रयोगविहीन गिट्टी खोलामा फाल्दा जोखिम बढ्यो

प्रस, निजगढ, २१ असार/

बाराको निजगढस्थित क्रसर उद्योगहरूले प्रयोगमा नआउने तथा बिक्री नहुने आकारका गिट्टी खोलामा फ्याँक्दा जोखिम बढेको छ । खोलामा फालेको मसिनो गिट्टीले मानिस, पशु चौपाया, साथै वन्यजन्तुहरूको ज्यान जोखिममा डुब्ने निश्चित छ । बकैया खोलामा खनिएको खाडलमा परेर केही वर्ष पहिले दुईजना महिलाको ज्यान गएको थियो भने अवनिश क्रसर उद्योगले खनेको खाडलमा नुहाउने क्रममा तीनजनाको ज्यान गइसकेको छ । निजगढ आसपासको दलदलेमा यसअघि कैयौंपटक चौपायहरू खोलाबगरमा ठूला खाडलहरू बनेका छन् । स्थानीय सुकुमबासी मजदूरहरूले पनि नदीजन्य पदार्थ सङ्कलन गर्दा जतातत‍ै ठूला र गहिरा खाडलहरू बनाएका छन् । प्रयोगमा नआउने गिट्टी खोलाभित्रै फाल्दा त्यही खाडलहरूमा गएर जम्मा हुन्छ । यसरी फ्याँकेको गिट्टी केही वर्ष खदिलो


खोलाबगरमा फ्याँकिएका प्रयोगविहीन मसिनो गिट्टी र (इनसेटमा) खोलाबगरमा मसिनो गिट्टी फाल्दै टिपर । तस्वीरः प्रतीक

परेको हो ।

निजगढका विभिन्न आठवटा क्रसर उद्योगले प्रयोगमा नआउने १० एमएम आकारभन्दा मसिनो आकारका गिट्टी नदी, खोला, खहरेमा जथाभावी फ्याँकिरहेका छन् । यसरी विसर्जित मसिनो गिट्टी नदी उत्खनन गर्दा बनेका खाडलमा र खोलाको नदीउकास बगर क्षेत्रमा ठूलो परिमाणमा रहँदा वर्षाको बेला उक्त क्षेत्र दलदलमा परिणत हुने गरेको छ । यस्तो दलदलमा कुनै कारणवश मानव तथा चौपाय फस्न गयो भने बाहिर निस्कनुको साटो भासिएर फसिसकेका छन् ।

रातको समय वा भेलबाढी आएको बेला मसिनो गिट्टी कहाँ छ भन्ने यकीन गर्न नसक्दा मानिस पनि फस्ने र ज्यान जान सक्ने खतरा बढेको छ । नदी किनारा तथा सो आसपास मजदूरी गर्ने सुकुमबासी, खोला आरपार गर्न बाध्य गोठाला, घाँस तथा दाउरा गर्नेहरूलाई क्रसरद्वारा विसर्जित गिट्टीले उच्च जोखिम निम्त्याएको छ ।

निजगढ नगरपालिकाले ग्रेभल, ढुङ्गा, बालुवा उत्खननका लागि ठेक्का लगाएपछि एक्साभेटरको प्रयोगले नहुने भएकोले दलदलमा परिणत हुन्छ ।

मसिना गिट्टीले मात्रै खाडलहरू भरिंदा मानिस, पशु चौपाय, वन्यजन्तुसमेत धस्ने, गाडिने भई ज्यान जान सक्ने थाहा भएर पनि स्थानीय तह, जिल्ला प्रशासन कार्यालय बारा, जिल्ला प्रहरी कार्यालय बारालगायतका निकायहरू मूकदर्शक बनेका छन् ।

उद्योगका नाममा मानव, पशु चौपाया, वन्यजन्तुहरूको संवेदनशीलता माथि लापरवाही गर्ने क्रसर उद्योगहरूलाई अविलम्ब कारबाही गर्नुपर्ने निजगढका बासिन्दाहरूको माग छ ।

## सामाजिक सुरक्षा कोषको विरोधमा प्रदर्शन

प्रस, वीरगंज, २१ असार/

वीरगंजका बैंकर्सहरूले सामाजिक कोषको विरुद्धमा प्रदर्शन गर्दै सरकारको नीतिको विरोध गरे । उनीहरूले सेवानिवृत्त भएको १५ वर्षसम्म मात्र पाउने सरकारी नीति अव्यावहारिक र अमान्य




सुरक्षा कोषको विरोधमा सोमवार वीरगंजमा प्रदर्शन गरेका छन् ।

वीरगंजका बैंकर्सहरूले आदर्शनगरस्थित पुरानो बसपार्कमा सामाजिक सुरक्षा कोषमा सञ्चय कोष, औषधोपचार, दान-उपदान अनिवार्यरूपमा यही असार मसान्तसम्म समायोजन गर्ने र त्यसको प्रतिफल हुने बताए । उनीहरूले कोषको स्थापना जे जस्तो उद्देश्यले भएपनि त्यसमा अनिवार्य सहभागिता हटाउनुपर्ने र स्वेच्छिक राख्नुपर्ने माग गरे ।

## बाढी र डुबानले महानगरको फोहर सङ्कलन प्रभावित

प्रस, वीरगंज, २१ असार/

वर्षा र बाढीका कारण वीरगंज गर्ने ठूलो कन्टेनर पनि श्रीसियामा आएको बाढीले बगाएर अन्यत्र लगेपछि फोहर बताए ।

पृथ्वी तारा एनके इन्टरनेशनल



जिल्ला प्रहरी कार्यालय, पर्सा जाने बाटोको मुख्य सडक र घडीअर्वा पोखरी परिसरमा थुप्रिएको फोहर । तस्वीरः नितेश कर्ण

महानगरको सफाइ कार्य पनि प्रभावित भएको छ । केही दिनदेखि वीरगंज महानगरमा फोहर यत्रतत्र देख्न पाइन्छ ।

वीरगंज महानगरको साझेदार संस्था पृथ्वी तारा एनके इन्टरनेशनल जेभीले वीरगंजको फोहर सङ्कलनको जिम्मेवारी लिएको छ ।

सो संस्थाका सञ्चालक शिव गुप्ताले वर्षा र बाढीका कारण फोहर सङ्कलन कार्य प्रभावित भएको बताए । उनले महानगरका विभिन्न स्थान डुबानमा रेको र त्यहाँ फोहर आएर थुप्रिएको बताए । उनले आदर्शनगर क्षेत्रमा फोहर सङ्कलन छरिएको बताए । यसैगरी, विभिन्न वडा डुबानमा पर्दा फोहर छरिएको उनको भनाइ छ ।

वीरगंज महानगरमा दैनिक ४५ मेट्रिकटन फोहर सङ्कलन हुने गरेकोमा अहिले वर्षा र बाढीका कारण १० टन कम फोहर सङ्कलन भइरहेको उनले बताए । महानगरका विभिन्न ११ वटा स्थानमा २२ वटा ठूला कन्टेनर फोहर सङ्कलनका लागि राखिएको र दैनिक ३५ वटा ट्याक्टरबाट फोहर सङ्कलन हुँदै आएकोमा अहिले २७/२८ वटा ट्याक्टरले फोहर सङ्कलन गरिरहेको जेभीले महानगरका पुराना १६ वटा वडा र नयाँ १६ वटा वडामध्ये पश्चिममा विन्ध्यवासिनी गाउँपालिका र उत्तरमा बगहीसम्मको फोहर सङ्कलन गरेर फोहर प्रशोधन केन्द्रमा पठाउने गरेको सञ्चालक गुप्ताले बताए । उनले त्यसबाहेकका क्षेत्रमा सङ्कलित फोहर सोही ठाउँको खाली जग्गामा विसर्जन गर्ने गरेको बताए ।

अहिले महानगरबाट सङ्कलित फोहरबाट दैनिक १ टन मल उत्पादन भइरहेको छ । प्लास्टिकजन्य फोहर भने रिसाइक्लिङ गरेर कबाडमा बिक्री हुने गरेको छ ।

## मितेरीपुलको तनाव साम्य

प्रस, वीरगंज, २१ असार/

नेपाल-भारत मितेरीपुलमा सोमवार



नेपाल-भारतका सुरक्षाकर्मीबीच छलफल हुँदै । तस्वीरः प्रतीक

बिहान केहीबेर तनाव भयो ।

जिल्ला प्रशासन कार्यालय, पर्साले निषेधाज्ञा जारी गर्दै आजदेखि वीरगंजको मुख्य नाकाबाट विदेशी नागरिकहरूलाई प्रवेश निषेध गरेकोमा भारतीय कामदारहरूले नेपाल आउन दिनुपर्ने माग राख्दै तनाव सिर्जना गरेका थिए ।

दैनिक वीरगंजमा कामको लागि आउने कामदारहरूले आफूहरूलाई रोके नेपालीहरूलाई पनि भारत आवतजावत गर्न नदिने चेतावनी दिएका थिए । उनीहरूले मितेरीपुलमा नेपालीहरूको आवागमनमा रोक लगाएपछि दुवै देशका सुरक्षाकर्मीहरूले स्थितिलाई साम्य पारेका थिए ।

दुवै देशका सुरक्षाकर्मीहरूले सो तनावलाई लिएर छलफल गरेका थिए । सो क्रममा भारतीय सुरक्षाकर्मीले आफ्ना नागरिकलाई नेपालमा निषेधाज्ञा जारी रहेको र विदेशी नागरिकलाई प्रवेशमा रोक लगाएको भन्दै आफ्नो नागरिकलाई रक्सौलतर्फ फर्काएका थिए ।

वर्षात्को समयमा हुने बाढी, पहिरो जस्ता विपद् जोखिम स्थानहरूको पहिचान गरी सुसूचित गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## रक्सौल पूर्ण खोप नगरपरिषद् घोषित

राजेश केशरीवाल, रक्सौल, २१ असार/

रक्सौल नगरपरिषद् भारतको बिहार राज्यको पहिलो पूर्ण खोप नगर निकाय घोषणा भएको राज्य स्वास्थ्यमन्त्री मङ्गल पाण्डेले ट्वीटरमार्फत जानकारी गराएका छन् ।

बिहार राज्यको पूर्वी चम्पारण जिल्लास्थित रक्सौल नगरपरिषद्मा कोरोनाविरुद्धको खोप अभियान पूर्णरूपमा सम्पन्न भएको छ । यस अभियान अन्तर्गत नगरपरिषद्स्थित सबै वडा र मोबाइल भ्यानको माध्यमबाट त्यहाँका नागरिकलाई कोरोनाविरुद्धको खोप दिएको रक्सौलका विधायक प्रमोद




सिन्हाले जानकारी गराए ।

बिहार राज्यमा रक्सौल पहिलो पूर्ण खोप नगरपरिषद् घोषणा भएपछि एसडिओ आरतीले सबै स्वास्थ्यकर्मी र स्वयंसेवकहरूलाई आभार व्यक्त गरेकी थिइन् ।

## विचारसार र सूक्तिहरू

**बाह्य सहयोगको अपेक्षाको साटो आफूभित्र लुकेको सत्प्रवृत्तिहरू खोज र तिनलाई उध्याऊ । प्रगतिको समस्त आधार व्यक्तिको अन्तःचेतना र भावनात्मक स्फुरणमा अवलम्बित छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## भतुवापनको पराकाष्ठा


**वीरगंज मात्र होइन, भारतसँग सीमा जोडिएका सबै भेगका पहुँच भएका नेपालीहरू भारत गएर कोभिडविरुद्ध खोप लिइरहेका छन् । यसो त विदेश गएर औषधोपचार गर्ने चलन जहाँ पनि छ । भारतकै मानिस वीरगंजलगायत विभिन्न नेपाली आँखा अस्पतालहरूमा उपचार गराउँछन् । नेपालका ठूला नेताहरूका लागि स्वदेशमा सम्भव उपचार पनि विदेश गएर गराउनु स्टेटस सिम्बल बन्ने गर्दछ । कुनै दुर्घटनामा सामान्य तछारिएको घाउ निको पार्न राजधानीको महँगो अस्पताल ताक्ने मानिसको प्रवृत्ति नै बनेको छ । नपाएर, आफ्नो पैसा खर्च गरेर औषधोपचार गर्नु स्वाभाविक हो । तर विश्वभरि फैलिएको महामारीविरुद्ध विदेशमा गई अनियमित तरीकाले खोप लगाउन बाध्य हुनु व्यक्तिका लागि होइन, सरकारका लागि लाजमर्दो कुरा हो । यो सत्य हो, सीमावर्ती क्षेत्रमा बस्ने नेपाली नागरिक बढी मूल्य तिरेर भारतमा गई खोप लगाइरहेका छन् । आफ्ना भारतीय नातेदारहरूको सहयोगमा यस्तो लाभ लिइरहेका छन् । हुलमा जीउ जोगाउनु, अनिकालमा बीउ जोगाउनु भनिएकै छ । वर्ष दिनभन्दा बढी समयदेखि कोभिडको भयले घरमा थन्किनु र अलिकति लापरवाहीले ज्यान गुमाउनुको साटो कुनै उपायले खोप लगाउनुपर्छ ।**

**तर यसले नागरिकमा राष्ट्रियताको भाव लोप हुन्छ । आफूले लिएको सहयोगको प्रतिदान पनि गर्नुपर्छ । भारत विशाल देश भएकोले उसलाई खासै फरक नपर्ला, तर नेपालले प्रतिदान दिनुपर्दा कष्टकर हुन्छ । नेपालले पेट्रोलियम पदार्थको मूल्य भारतको मूल्यबराबर बनाउनुपर्ने बाध्यता त्यसै प्रतिदानको भावनालाई छल्नका लागि हो । पेट्रोलियम पदार्थको भाउमा अलिकति पनि तलमाथि भयो कि नेपालबाट तस्करी भएर भारततिर ओरालो लागिहाल्छ । सरकारको निकम्मापनले दुई देशबीचका नागरिकमा सहयोग आदानप्रदान तीव्रताले हुन्छ । सहयोग आदानप्रदान नराम्रो होइन यदि त्यो नियम–कानूनको परिधिमा छ भने । तर तस्करी त नियमानुसार हुँदैन ! बाध्यताले गरिएको गैरकानूनी आदानप्रदानले सानो देशलाई मर्का पर्छ । र यसले नागरिकमा राजस्व छल्ने प्रवृत्ति विकसित हुन्छ । वृत्ति र प्रवृत्तिको कुरा एकातिर पन्छाइदिने हो भने पनि सरकार नागरिकप्रति उत्तरदायी त हुनैपर्छ । नागरिकको ज्यानको सुरक्षाका लागि औषधिको उपलब्धतालाई सहज बनाउनैपर्छ । जहाँबाट होस्, जसरी होस् नेपाली नागरिकले कोरोनाविरुद्ध खोप पाउनैपर्छ ।**

**सत्तामा बस्नेहरू जहिले पनि नेपालको वैदेशिक सम्बन्ध सुमधुर रहेको राग अलापिरहन्छन् । देश सानो भएपनि औकातभन्दा बढी देशहरूसँग नेपालको दौत्य सम्बन्ध छ, तर अहिले परेको बेला किन सुमधुर सम्बन्ध भएका मुलुकहरूसँग खोप लिन सक्दैन ? समृद्ध र धनी मुलुकहरूले त चाहिनेभन्दा बढी खोपको मात्रा हत्याएर राखेका छन् । बोलीमा चतुर र काममा लाछी सरकारको यस्तै चाला हुन्छ । अति धारिलो चुलेसीले कुनै रूख ढाल्न सकिंदैन । चुलेसीभन्दा धारिलो भाषा बोल्ने हाम्रा राजनेताहरू जब कुनै गाह्रो काम गर्ने बेला हुन्छ, आफूलाई नाकारा नै साबित गर्न पुग्छन् । प्रधानमन्त्री ओलीको शब्दको झटारोको तीव्रता कसलाई थाहा छैन, तर भारतीय कम्पनीसँग सम्झौता भएको औषधिको मात्रा पनि ल्याउन सकेनन्, भारतलाई आफैं चाहिएकोले दिएन भन्छन् । खासमा कुरा त कमिशनको छ । लोभी–पापी र फुइँ लगाएर रजाइँ गर्न पल्केका नेपाली नेताहरूबाट अरू आस नै के गर्न सकिन्छ ? यो भतुवापनको पराकाष्ठा हो ।**

# राजनीतिमा साधुमन


स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com


**गुलियो अङ्गुर खाने तर अमिलो नखाने यो कसरी सम्भव छ ? नेपालमा ऋषिमन अथवा साधुमनले राजनीति गर्न कोही आएकै छैन । सिद्धान्त र आदर्शको राजनीति गर्नेलाई सबैले मिलेर असान्दर्भिक बनाउँदै असफल बनाइदिन्छन् । यस्तो अवस्थामा देशको राजनीति स्वच्छ होस् पनि कसरी ?**

नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंह आफ्नो प्रायःजसो राजनीतिक सम्बोधनमा यो कुरा दोहोऱ्याउने गर्दथे कि साधु बन्नका लागि कोही राजनीतिमा आएको हुँदैन । उनको निधनपश्चात् त उनको पार्टीका नेताहरूले यसलाई मूलमन्त्र नै बनाएका थिए कि साधु बन्नका लागि मात्रै हामी मधेसको राजनीति गर्न आएका छैनौं । गजेन्द्रनारायण सिंहको भनाइको तात्पर्य केवल सडक आन्दोलन मात्रै गरेर समस्याको समाधान हुँदैन । आफूले उठाएका राजनीतिक मुद्दाहरूको सम्बोधन गर्न आवश्यकता नै भए सरकारमा पनि जान सकिन्छ । येनकेन प्रकारेण सत्तामा मात्रै जानुपर्दछ भन्ने उनको भनाइको तात्पर्य अवश्य पनि थिएन । उनले राजनीतिमा साधुमनको आवश्यकतालाई अवश्य पनि औंल्याएका थिए । करीब चारपटक मन्त्री भइसकेका र दुई दशक लामो अवधिसम्म संसदीय राजनीतिमा सक्रिय सहभागिता जनाएका गजेन्द्रनारायण सिंहको निधनपश्चात् उनको बैंक खातामा ५० हजार रुपैयाँ पनि नहुनु उनको साधुमनको उपज थियो । सप्तरीको एउटा मध्यमवर्गीय जमीनदार परिवारमा जन्मेका गजेन्द्रनारायण सिंहले न त राजधानी काठमाडौं, न त विराटनगर र वीरगंजमैं घर बनाउन सकेका थिए तर उनको खल्तीबाट एक/दुई हजार रुपैयाँ प्राप्त गर्ने केही मधेसवादी नेता अरबपति बन्ने पङ्क्तिमा उभिनु अवश्य पनि जनताको जवाफदेहीसित क्रूर मजाक हो, धोका हो । एकजना साधुको मन निर्मल, निश्चल, दूरदर्शी, सबैमा अपनत्वको भाव हेर्ने तथा अरूको सम्पत्तिप्रति लोभ नदेखाउने हुने खालको हुन्छ । ऋषिमन अथवा साधुमनलाई देवतापछिको दोस्रो पूजनीय एवं सम्माननीय मानिन्छ । राजनीतिमा लाग्नेहरूले साधुमनबाट देश र जनताको सेवा गर्न थालेमा समाजमा असमानता, कलह र विद्वेषको भावना नै विकसित हुन सक्दैन ।

हाम्रो समाजमा गरीबको धनी, दिनको रात र बेइमानको विपरीतार्थक शब्द इमानदार भएजस्तै साधुको विपरीतार्थक शब्द चोर हुने गर्दछ । यदि कोही व्यक्ति खुलेरै यो दाबी गर्दछ कि साधु बन्न राजनीतिमा आएको होइन, यसको सोझो अर्थ ऊ चोर बन्न आएको बुझ्नुपर्दछ । यस्ता व्यक्तिबाट समाज तथा राष्ट्र सेवा हुन सक्दैन । राजनीतिमा समाज र देश सेवा नै सर्वोपरि हुनुपर्दछ । दलीय शासन व्यवस्थामा राजनीतिक दलहरूको भूमिका र महत्त्व बेग्लै किसिमको हुन्छ तर यसको केन्द्रमा भने जनसेवा नै रहेको दाबी गरिन्छ । राजनीतिमा परिवारवाद, नातावाद र जातिवाद नै भ्रष्टाचारको मूल कारण हुने गर्दछन् । वर्तमान अवस्थामा देशका प्रायः सबैजसो राजनीतिक दलमा यो विकृति कायम रहेको पाइन्छ तर मधेसी दलहरूमा अवश्य पनि यो बढी पाइन्छ ।

नेपालको संविधान २०७२ को निर्माण भइरहेको बखत दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका संविधान निर्माताहरूलाई ऋषिमनले संविधान बनाउन सुझाव दिएका थिए तर उनको त्यस सुझावलाई हस्तक्षेप ठान्ने काम भयो । देशका प्रमुख राजनीतिक दलहरू नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी र कथित हिन्दूवादी राप्रपा नेपालका अध्यक्ष एवं नेताहरूले आफूलाई सर्वथा सक्षम, योग्य तथा सर्वज्ञाता दाबी गर्दै संविधानको निर्माण गरे । हतारहतारमा फास्ट ट्र्याकमार्फत जारी गरिएको त्यस संविधान निर्माण मस्यौदा समितिका संयोजक डा बाबुराम भट्टराई थिए, जो अहिले कथित मधेसी दलको प्रमुख नेता बनेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस्तो सुझाव दिनुको अर्थ यो मात्रै थियो कि जसरी ऋषिमुनिहरू आफ्नो ग्रन्थ अथवा कृतिको रचना गर्दछन्, त्यसमा तिनको न त निहित स्वार्थ हुन्छ, न त त्यो क्षणिक लाभको लागि नै केन्द्रित रहेर बनाइएको हुन्छ । त्यसमा मानवमात्रको कल्याणका कुरा निहित हुन्छन् । कुनै पनि देशको संविधान धर्मशास्त्रहरू गीता, रामायण, कुरान र बाइबलजस्तो असंशोधनीय त हुँदैन तर विश्वका प्रायः सबैजसो देशमा ईश्वर तथा धर्मशास्त्रको नाममा शपथ खान नचाहनेहरू आफ्नो देशको संविधानमाथि नै हात राखेर शपथ ग्रहण गर्ने गर्दछन् अर्थात् देशको संविधान पनि एक किसिमले धर्मशास्त्र जस्तै अथवा त्योभन्दा पनि बढी मान्य हुने गर्दछ । धर्मशास्त्रप्रति एउटा धर्मविशेष मान्नेहरूको आस्था मात्रै हुन्छ तर संविधानप्रति ती देशका सबै नागरिकको विश्वास हुने गर्दछ । नेपालको संविधान २०७२ को निर्माण हुँदाका बखत देशको झन्डै एक तिहाइ जनसमुदाय सोको विरोधमा सडकमा उत्रिएको थियो । शासन प्रशासनको दबाबमा ती जनताको आवाज सुन्ने काम भएन । त्यस संविधानलाई एशियाकै सर्वोत्कृष्ट तथा विश्वकै उच्चकोटिको संविधानको संज्ञा दिइयो तर संविधान जारी भएको एक साता पनि बित्न नपाउँदै संविधान संशोधनको प्रस्ताव सरकारले ल्याउनुपऱ्यो । आखिर दुई/तीन महीना धैर्य गरेर सबै पक्षका कुरालाई सुनी एउटा सर्वस्वीकार्य अथवा व्यापक स्वीकार्य संविधान बनाउने काम भएको भए विरोध, असन्तोष अथवा विद्रोहको सम्भावना नै रहने थिएन । विगत एक/डेढ वर्षदेखि देशमा उत्पन्न राजनीतिक एवं संवैधानिक सङ्कटको प्रमुख कारक तत्त्व देशको वर्तमान संविधान नै हो भन्दा अतिशयोक्ति नहोला । जतिबेला देशको संविधानको निर्माण भइरहेको थियो, त्यति बेला प्रमुख राजनीतिक दलका नेताहरूले प्रधानमन्त्रीको रूपमा आफ्नै अनुहारलाई हेरेका थिए । प्रधानमन्त्रीको पदमा पुगेपछि आफ्नो हिसाबले शासनसत्ताका प्रत्येक अवयवलाई सञ्चालन गर्न सहज हुने भन्ठानेर नै यस्तो संविधानको निर्माण भएको हो । नेपालको संविधान भनेको शब्दहरूको जङ्गल हो । यदि आज कुनै एक व्यक्तिले प्रधानमन्त्रीको पदमा संविधानतः आफूलाई नै सबै धारामा उपयुक्त उम्मेदवार ठानिरहेको छ भने त्यसको निम्ति जिम्मेवार त संविधान र संविधानका निर्माताहरू नै हुन् । नेपालका राजनीतिक दलका नेताहरू आफू स्वयम् भने केही पनि नगर्ने तर आफूअनुकूलको फैसला अदालतले गरिदेओस् भन्ने मनसाय राखेका हुन्छन् । न्यायपालिकाले कार्यपालिका तथा व्यवस्थापिकाको क्षेत्रमा थप केही सक्रियता देखाउन थाल्यो भने फेरि यिनै राजनीतिक दलका नेताहरू एकजुट भएर अदालतको विरोध गर्न थाल्नेछन् । संविधान निर्माणमा त्रुटि भएको छ । कमजोर एवं अपरिपक्व संविधानका कारण नै अहिलेको समस्या उत्पन्न भएको छ । तसर्थ तत्काल संविधानमा आवश्यक संशोधनका लागि विज्ञहरूको समिति बनाइनु आवश्यक छ ।

दक्षिणी छिमेकी राष्ट्र भारतको संविधानलाई विश्वको सर्वाधिक सफल संविधानमध्ये एक मानिन्छ । त्यहाँको संविधान पनि पटक–पटक संशोधन भएको छ तर संविधानकै कारण देशको राजनीतिक अवस्था सङ्कटमा कहिल्यै परेन । कोही पनि भारतीय नागरिकले त्यहाँको संविधानको विरोध गर्दैन, न त संविधानप्रति अनास्था नै जनाउँछ । संविधान जलाउने कुरा त कसैले सपनामा पनि सोच्न सक्दैन । भारतको संविधान जारी भएको करीब ७२ वर्ष हुन थालेको छ । यो समयावधि कम होइन । यस अवधिमा हाम्रो देशमा चारवटा संविधान खारेज भइसकेको छ । पाँचौं संविधान पनि जनताको आकाङ्क्षालाई पूरा गर्न सफल भइरहेको मान्न सकिंदैन । सम्मानित सर्वोच्च अदालतमा विगत ६ महीनादेखि कुनै न कुनै रूपमा संविधानकै कमीकमजोरीलाई औंल्याउने काम भइरहेको छ अथवा संविधानको शब्द र भाषा प्रस्ट नभएकै कारण देशले यो दुर्गति भोग्नुपरिरहेको छ । भारतको संविधान निर्माण हुँदा त्यहाँका संविधान निर्माताहरूले आफ्नो देश र त्यहाँका जनताको हितलाई सर्वोपरी ठानेका थिए । संविधान निर्माताहरूमध्येका कतिपय यस्ता थिए, जसलाई शासनसत्ता अथवा पदको लोभ थिएन तर हाम्रो देशमा त जसरी भएपनि पाँच वर्षसम्म संसद् विघटन हुन नसक्ने र चुनावमा जानुपर्ने विषयलाई नै लक्ष्य बनाइएको थियो । निश्चय पनि भारतका संविधान निर्माताहरूले ऋषिमनले काम गरेका थिए । सम्भवतः भारतीय प्रधानमन्त्री मोदीले पनि नेपालका संविधान निर्माताहरूबाट यस्तै खाले दूरदर्शिता, त्याग र महानताको अपेक्षा गरेका थिए तर नेपालका नेताहरूले भने आफूअनुकूल संविधान दिने ठानिसकेका थिए ।

संविधानको विरोधको नाटक गर्ने मधेसी दलहरू वर्तमान संविधानलाई अक्षरशः पालना गरी स्थानीय तहको निर्वाचन, प्रादेशिकसभा, सङ्घीय संसद्, राष्ट्रियसभा, प्रधानमन्त्री र राष्ट्रपति लगायतका निर्वाचनमा पटक–पटक भाग लिइसकेको अवस्था छ । मधेसी दलहरूले वर्तमान संविधानको कुन धाराको विरोध गरिरहेका छन् थाहा भएन ? विरोध गर्नेले त्यसको धाराको पूर्णरूपेण विरोध गर्नुपर्ने हो । गुलियो अङ्गुर खाने तर अमिलो नखाने यो कसरी सम्भव छ ? नेपालमा ऋषिमन अथवा साधुमनले राजनीति गर्न कोही आएकै छैन । सिद्धान्त र आदर्शको राजनीति गर्नेलाई सबैले मिलेर असान्दर्भिक बनाउँदै असफल बनाइदिन्छन् । यस्तो अवस्थामा देशको राजनीति स्वच्छ होस् पनि कसरी ?

# रोकिएन वर्षा : जतातत्तै जलमग्न

महोत्तरी, २१ असार/रासस

छैटौं दिन बिहानै झलमल्ल घाम लाग्दा अब उबेर (पानी पर्न रोकिनु, उघ्रनु) हुन्छ भन्ने आस पालेका महोत्तरीवासी निराश भएका छन् । लगातार पाँच दिनको वर्षा थामिएर आइतवार बिहान घाम देख्दा उबेर हुन्छ भन्ने आस पालेका उनीहरू हिजो साँझदेखि पुनः वर्षा हुन थालेपछि निराश भएका हुन् ।

“अब त उबेर भयो, काममा लाग्न पाइने भइयो भन्ने आस जागेको थियो,” बर्दिबास–९ पशुपतिनगरका ८० वर्षीय जुगेश्वर ठाकुरले भने, “तर हाम्रो आसले थामेन, आइतवार साँझदेखि पुनः वर्षा शुरू भयो ।”

यही असार १५ गते धान दिवस मनाइएकै दिनदेखि लगातार परेको पानी आइतवार बिहानदेखि झलमल्ल घाम देखिएको थियो । छैटौं दिन आकाश उघ्रँदा पानी अब रोकिन्छ भन्ने आस त्यसै दिन साँझ दोहोरिएर पानी पर्न थालेसँगै मरेको यहाँका किसान बताउँछन् ।

घट्दै गएको नदीको सतह मुसलधार पानी परेसँगै ह्वात्तै बढेको छ । यहाँका रातु, बडहरी, ओक्सी, कुटमेश्वरी, मरहा, जङ्घा र बाँकेसहितका नदीमा उर्लेको बाढी बस्ती/बस्तीमा पसेको छ । जिल्ला सदरमुकाम जलेश्वरका रतबारा, बखरी, बेला, रमौल, बजराही, धवौली, मलिबारा, खैरा र भिठ्ठामोर बस्ती रातु नदीको बाढी उछालिएर पस्दा जलमग्न भएका छन् । जलेश्वर नगरको मुख्य चोक मानिने नगरपालिका र शङ्करचोकका सडकमा बाढी बगेको छ । रातुको बाढीले बहावा क्षेत्र, सडक, खेत, बस्ती केही छुट्याउन नसकिने भएको बखरीवासी कौशलेन्द्र शर्मा बताउँछन् ।

जिल्ला सदरमुकाम जलेश्वरबाट मटिहानी जाने सडकको सुगाभवानीपट्टी नजीकको लचका (कजवे)मा बाढी चलेपछि साइकल, मोटरसाइकल र टेम्पुसहितका साना सवारीसाधन चल्न सकेका छैनन् । बर्दिबास–रामगोपालपुर–जलेश्वर सडकका कैयन ठाउँ डुबान र कटानमा परेका छन् ।



तस्वीरः फाइल/प्रतीक

बर्दिबास–रौजा–जलेश्वर, सम्सी–रामगोपालपुर–लोहारपट्टी–जनकपुर र ग्रामीण क्षेत्रमा यातायात सञ्चालन हुँदै आएका सडकलाई वर्षा र बाढीको पानीले बेहाल बनाएको छ । असार १५ गतेदेखिको अविरल वर्षा र त्यससँगैको बाढीले जिल्लाका दर्जनौं बस्ती डुबानमा परेका छन् । पराले छाप्रामा गुजारा चलाएका गरीबको टाउको ओताउने छाप्रो पनि बाढीले बगाएको छ । जतातत्तै जलमग्न हुँदा क्षतिको यकीन विवरण लिन पनि सकस छ । यसपालि पछिल्लो वर्षा र बाढीले कटानभन्दा डुबानले क्षति बढाएको जिल्ला समन्वय समिति प्रमुख सुरेशप्रसाद सिंह बताउँछन् ।

“ठाउँठाउँमा कटान पनि छ, तर धेरैजसो बस्ती डुबानले समस्यामा परेका छन्,” उनले भने । जिल्लाको मुख्य बाली मानिने धान रोपाइँको सघन बेलामैं परेको डुबानले केही पहिले रोपिएको धानको रोपो र ब्याडको बीउ गलाएपछि यसपालि किसानले धानबालीबाट उत्पादन लिने आस मारेको उनको भनाइ छ ।

जिल्लामा ५० हजार हेक्टर क्षेत्रफल धानखेती गरिंदै आइए पनि मौसमको

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# थाइल्यान्डमा रासायनिक कारखानामा विस्फोट, बीसजना घाइते, एकको मृत्यु

बैंकक, २१ असार/सिन्ह्वा

थाइल्यान्डको राजधानी बैंककनजीकैको एउटा रासायनिक कारखानामा सोमवार विस्फोट भई भएको आगलागीमा कम्तीमा २० व्यक्ति घाइते भएका छन् भने एकजनाको मृत्यु भएको छ।

समुत प्राकान प्रान्तको बाङ्ग फली जिल्लामा स्थानीय समय अनुसार बिहान तीन बजेतिर विस्फोट हुँदा 'प्लास्टिक फोम' उत्पादन गर्ने कारखानामा क्षति भएको थियो । विस्फोटपछि उक्त प्लान्टमा ठूलो आगलागी भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । उक्त विस्फोट सन् १९८९ मा थाइल्यान्डमा स्थापना गरिएको ताइवानी मिङ दिह नामक केमिकल कम्पनीमा भएको हो।



रासायनिक कारखानामा विस्फोटपछि निस्किएको तुवाँलो र बचाउ कार्यमा जुटेका सुरक्षाकर्मी । तस्वीरः सिन्ह्वा

चिनियाँ राजदूतावासका अनुसार घटनामा कम्तीमा एक चिनियाँ नागरिक घाइते भएको बुझिएको छ।

कारखानामा कम्तीमा २० टन रासायनिक सामग्री रहेको बताइएको छ। आगलागी नियन्त्रणमा आइसकेको बताइएको छ । घाइतेहरूमा अधिकांश कारखानामा काम गर्ने श्रमिकस्तरका कर्मचारी रहेका छन् भने विस्फोटपछि लागेको आगलागीका कारण कारखाना वरपर रहेको आवासीय क्षेत्रसमेत प्रभावित भएको छ।

स्थानीय सरकारले खतरनाक रासायनिक सामग्रीबाट आएको ग्यास र अर्को विस्फोट हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै स्थानीयलाई कम्तीमा पाँच किलोमिटर क्षेत्रमा बस्ती खाली गर्न र सुरक्षित स्थानमा जान निर्देशन दिएको छ । उनीहरूलाई जिल्लाको एक विद्यालयमा अस्थायी आश्रय प्रदान गरिएको जिल्ला प्रमुख बाङ्ग फली सोमसाक काओसेनाले बताए ।

विस्फोट र आगलागीको कारण अझै पत्ता लागिनसकेको तर अनुसन्धान शुरू भइसकेको बताइएको छ। रासस

# भारतमा निको हुने दर ९७.११ प्रतिशत पुग्यो

नयाँ दिल्ली, २१ असार/सिन्ह्वा

भारतमा कोरोना भाइरस निको हुने दर बढेको छ। भारतमा कोरोना भाइरस




निको हुने दर ९७.११ प्रतिशत पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमवार जानकारी दिएको छ।

गत २४ घण्टामा भारतमा ३९ हजार ७९६ थप व्यक्तिमा कोरोना सङ्क्रमण भएको छ। गत जून २९ बाट यहाँ ४० हजारभन्दा कम व्यक्तिमा मात्र कोरोना सङ्क्रमण भएको पाइएको छ । हाल भारतमा कोरोना सङ्क्रमितको कुल सङ्ख्या तीन करोड ५ लाख ८५ हजार २२९ पुगेको सो मन्त्रालयले जनाएको छ।

यसै अवधिका भारतमा कोरोना सङ्क्रमणबाट ७४३ व्यक्तिको मृत्यु भएपछि यस प्रकोपबाट ज्यान गुमाउनेको सङ्ख्या चार लाख २ हजार ७२८ पुगेको छ। हाल भारतमा चार लाख ८२ हजार ७१ जना सक्रिय सङ्क्रमित रहेका छन्। गत २४ घण्टाको अवधिमा ४२ हजार ३५२ व्यक्ति कोरोना सङ्क्रमणबाट मुक्त भएका छन् । भारतमा कोरोना शुरू भएदेखि हालसम्म दुई करोड ९७ लाख ४३० कोरोना भाइरसमुक्त भएका छन्।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू गरिएको थियो । सो समयदेखि हालसम्म यहाँ ३५ करोड २८ लाख ९२ हजार ४६ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ।

भारतमा ४१ करोड ९७ लाख ७७ हजार ४५७ व्यक्तिको कोरोना भाइरस परीक्षण गरिएको पनि सरकारी स्रोतले जानकारी दिएको छ। रासस

# कोरोनाविरुद्धको खोप वितरणमा समानता होस् -बान कि मुन

बेइजिङ, २१ असार/एएफपी

संयुक्त राष्ट्रसङ्घका पूर्वमहासचिव बान कि मुनले कोरोना भाइरसविरुद्धको खोप वितरणको काममा समानता हुनुपर्ने बताएका छन् । उनले यो महामारीले विश्वलाई नै उत्तिकै असर गरिरहेकोले सबै देशले यो खोपको उपलब्धतामा समान व्यवहार अपनाउनुपर्नेमा जोड दिए ।

उनले अहिले यो खोपको उत्पादन र वितरणका क्षेत्रमा काम गरिरहेका देशहरूले अहिलेको प्रयासलाई थप दोब्बर बनाउनुपर्नेमा जोड दिए ।

एक भिडियो कन्फ्रेन्समा बोल्दै उनले भने- यो अवस्थामा विश्वलाई नै कोरोना भाइरसको महामारीबाट बचाउनुपर्छ र त्यसका लागि विश्वका सबै देशका नागरिकमा खोपको उपलब्धता हुनु जरुरी छ।



उनले अहिले जलवायु परिवर्तनको चपेटामा पनि मानिसहरू परिररहेका प्रसङ्ग उल्लेख गर्दै जलवायु परिवर्तनले मानिसहरूको बिस्तारै अर्थात् नजानिंदोरूपले ज्यान लिइरहेको र यो कोरोना भाइरसले चाँडो चाँडो ज्यान लिएको बताए ।

यी दुवै समस्याका विरुद्धमा विश्व एक भएर लड्नुपर्नेमा पनि उनले सो कन्फ्रेन्समा जोड दिए। रासस

# हाम्रो प्रहरी बलियो कि निरीह

मन्तव्य



कुमार रुपाखेती

**२०७२ सालको भुईँचालो, बाढी, पहिरो र अन्य प्राकृतिक प्रकोपहरूमा प्रहरीबल जनतासँग हातेमालो गर्दै, आफ्नो ज्यान जोखिममा हालेर सहयोगी भूमिका निर्वाह गरेको पाइन्छ। तर प्रहरीको सानो गलतीलाई भयानक बनाएर पेश गर्ने हाम्रो चलनले पनि प्रहरीबलको मनोबल घटाएको देखिन्छ।**

प्रहरी आचरणविपरीत काम गर्ने एक जमात प्रहरीलाई पर्सा प्रहरी प्रमुखले हदैसम्मको कारबाई गरेका छन् । पर्सा प्रमुख बेलबहादुर पाण्डेले प्रहरी आचरणविरोधी कार्य गर्ने अधीनस्थहरूलाई जागीर छाडेर जान पनि चेतावनी दिएका छन् । त्यस्तै, गाँजा तस्करहरूसँग लेनदेन र साँठगाँठ गर्ने बारा रतनपुरीका चौकी इन्चार्ज प्रसनि शम्भुप्रसाद यादवलाई बारा प्रहरी प्रमुखले जिल्ला प्रहरी कार्यालय, कलैयामा ल्याइ केरकार थालेका छन् ।

बेलाबखत प्रहरीले जनतालाई दुःख दिएको, घूस खाएको, नियमविपरीत र प्रहरी ऐनविपरीत कार्य गरेका विषयहरू पत्रपत्रिकाले प्रमुखताका साथ छापिरहन्छन् । प्रहरीका ठूला ओहदावाल, नेपाल प्रहरीकै टाउकेहरूसमेतले भ्रष्टाचारमा मुछिएर कारावाससमेत पुगेको इतिहास नै छ ।

प्राकृतिक विपत्तिमा, चोरीडकैतीको वारदात गर्नेहरूलाई समात्नमा, समाजमा विकृति र अशान्ति फैलाउनेहरूलाई तह लगाउन आदि इत्यादि काममा प्रहरीले इमानदारीका साथ भूमिका निर्वाह गरेको पनि पाइन्छ । प्रहरी सदैव जनताको नजीकको साथी पनि हो । त्यसैले जनतासँग नजीकको र भरपर्दो सम्बन्ध बनाउन प्रहरी नेतृत्वले कहिले मुस्कानसहित प्रहरी सेवा त कहिले जनतामाझ अन्तर्क्रिया त कहिले जनता विनावर्दीका प्रहरी भन्दै जनताको सहयोग खोजेको देखिन्छ । अहिलेको प्राकृतिक विपत्ति पहिरो, बाढी अनि कोरोनाको महामारीमा समेत प्रहरीको भूमिका उल्लेखनीय र प्रशंसनीय देखियो ।

प्रजातन्त्र बहाल भएको देशमा प्रहरीलाई सरकारको रूपको वास्तविक प्रतीक भनिन्छ। सबै किसिमका राज्य व्यवस्थामा प्रहरीको आवश्यकता अपरिहार्य ठानिन्छ। अहिलेको जटिल अवस्थामा प्रहरीबलको अभावमा राज्यमा सुव्यवस्था र शान्ति सुरक्षाको कल्पना गर्न सकिंदैन । एकजना प्रहरी वा प्रहरीबलको काम, कर्तव्य र अधिकार अभिव्यक्त र अन्तर्निहित दुई किसिमका हुन्छन् । कानूनमा लिपिबद्ध गरिएका प्रहरीका दायित्वहरू अभिव्यक्त दायित्वहरू हुन् । लिपिबद्ध यस्ता जिम्मेवारीका अतिरिक्त प्रहरीको सङ्गठन, मूल्य र मान्यता एवं नागरिक शासन व्यवस्थाका अन्तर्निहित विशेषताहरूले समेत कतिपय दायित्व सृजना गरेका हुन्छन्। एउटा प्रहरी वा बलले उल्लिखित सबै खाले दायित्वहरू समानरूपमा पालना र सम्मान गर्नुपर्दछ। संविधान र प्रचलित कानूनबाहेक प्रहरीबललाई लागू हुने विशिष्ट नेपाली कानून प्रहरी ऐन २०१२ र प्रहरी नियमावली २०४९ हुन्। यस्ता नियम कानूनहरूले प्रहरीको काम, कर्तव्य र अधिकारबारे खास-खास व्यवस्था गरेका छन् । मुलुकभरिका प्रहरीबलको पुनर्गठन गरी त्यसलाई अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाइ शान्ति र व्यवस्था कायम राख्ने उद्देश्यले नेपालमा प्रहरीबल गठन भएको प्रहरी ऐनको प्रस्तावनामा उल्लेख छ । प्रस्तावनामा अभिव्यक्त उद्देश्यको अध्ययन गर्दा प्रहरीको प्रमुख दायित्व समाजमा शान्ति र सुव्यवस्था कायम गराउने भन्ने प्रस्ट देखिन्छ । यो पवित्र उद्देश्यभित्र नागरिकका अधिकारहरूको संरक्षण र सम्मानसमेत निहित रहेको मान्नुपर्दछ । प्रहरी ऐनको दफा १५ मा प्रहरी कर्मचारीहरूको थप दायित्वसमेत तोकिएका छन् । ती दायित्व अन्तर्गत अधिकारप्राप्त अधिकारीले कानून बमोजिम दिएको आदेश पालना गर्नु, शान्ति व्यवस्थालाई बिथोल्ने खाले गतिविधिविरुद्ध समाचार सङ्कलन गर्नु, अपराधको रोकथाम गर्नु, नागरिकलाई अनावश्यक झन्झटबाट बचाउनु, अपराधीको पहिचान गरी कानून बमोजिम सजाय गराउनु, असमर्थ र असहायलाई हरतरहले सहयोग गर्नु, बेसहारा, अम्मली र बौलाहा र आफ्नो हेरचाह गर्न असमर्थहरूको जिम्मा लिनु, थुनामा रहेका बिरामी र घाइतेको उचित ख्याल गर्नु, खानतलाशीको समयमा अपशब्द, अभद्र व्यवहार अनि हैरान नगर्नु, सर्वसाधारणसँग शिष्ट व्यवहार गर्नु, अनि महिला, केटाकेटीहरूसँग अदब र इज्जत अनि विनम्रताले व्यवहार गर्नु, जनतालाई खतरा र दुर्घटनाबाट जोगाउन हरसम्भव प्रयास गर्नु आदि इत्यादि ।

माथि उल्लिखित जिम्मेवारीहरू प्रहरी राष्ट्रिय कानून (प्रहरी ऐन)द्वारा लिखित दायित्वहरू हुन्। जसको पालना गर्न प्रहरी बाध्य हुन्छ । यसको अलावा पेशा र भूमिकासँग अन्तर्निहित मान्यताहरूको पालना गर्नसमेत राष्ट्रसेवक प्रहरीको कर्तव्य हुन आउँछ। मानव अधिकारको संरक्षणमा समेत प्रहरीको महत्त्वपूर्ण भूमिका हुन्छ । सत्य सेवा सुरक्षा त प्रहरीबलको मूलमन्त्र नै हो। तर यी सबै भूमिका प्रहरीबल मात्रले गर्न सक्दैन । यी सबै जिम्मेवारी न्यायसङ्गत ढङ्गले व्यवहारमा उतार्न प्रहरीबललाई सरकार, नागरिक समाजको दरिलो र भरपर्दो सहयोग आवश्यक हुन्छ। नेपालमा कुनै पनि घटनामा प्रहरीलाई दोष थुपारेर उम्किने चलन छ । अत्यधिक दायित्व बोकेको प्रहरीबलमा विज्ञ र प्राविधिक कर्मचारीको कमी, जवानको कमी, सरकारको असहयोग, जनताको उदासीनता आदिले कतिपय महत्त्वपूर्ण जिम्मेवारी पूरा गर्न प्रहरी असफल देखिन्छ । अचेल त प्रहरी नेतृत्वमा सरकारी हस्तक्षेप, राजनीतिक दबाब र सङ्गठनभित्रका गुट, उपगुट आदिले प्रहरीको भूमिका र सफलतामा नकारात्मक असर पारिरहेको बुझिन्छ। कानून र जनताको विश्वासको बलमा अगाडि बढ्ने प्रहरी सङ्गठनले स्वच्छ र स्वतन्त्र वातावरण नपाएसम्म अपेक्षित सफलता हासिल गर्न नसक्ने भएकोले यसबारेमा सबै सरोकारले इमानदार र सचेत भएर सोच्नु जरुरी छ।

कतिपय बेला राजनीतिक दलहरूले प्रहरीबललाई लिलिपुट स्तरमा झार्ने गरेको देखिन्छ भने असहाय र निमुखा जनताको सामुन्ने प्रहरीहरूले टीठलाग्दो व्यवहार गरेको पनि सुनिन्छ। २०७२ सालको भुइँचालो, बाढी, पहिरो र अन्य प्राकृतिक प्रकोपहरूमा प्रहरीबल जनतासँग हातेमालो गर्दै, आफ्नो ज्यान जोखिममा हालेर सहयोगी भूमिका निर्वाह गरेको पाइन्छ। तर प्रहरीको सानो गलतीलाई भयानक बनाएर पेश गर्ने हाम्रो चलनले पनि प्रहरीबलको मनोबल घटाएको देखिन्छ।

यसै सन्दर्भमा कुराकानी गर्दा एक प्रहरीले बडो दर्दनाक कविता सुनाए- हम आह भी भरते है तो हो जाते है बदनाम, वह कत्ल भी करते है तो चर्चा नहीं होती ।

त्यसैले वीरगंजका तत्कालीन प्रहरी प्रमुख रमेश खरेलले भन्थे- हा जी हा जी सबकी किजै करिये अपनी मनकी।

हाम्रो प्रहरी बलियो कि निरीह मैले त भेउ नै पाइनँ ।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | धनक्षति | वृष | भाग्योदय |
| मिथुन | व्यर्थभ्रमण | कर्कट | धनलाभ |
| सिंह | कर्मप्राप्ति | कन्या | राज्यभय |
| तुला | वादविवाद | वृश्चिक | यात्रालाभ |
| धनु | शत्रुभय | मकर | चोरभय |
| कुम्भ | उदरपीडा | मीन | विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रोकिएन........

प्रतिकूलताले अपेक्षित रोपाइँ कहिल्यै गर्न नसकिएको किसान बताउँछन्। "बर्सेनि बाढी, डुबानको समस्या छ, न त्यसको व्यवस्था छ, न बीउ, मल नै समयमा पाइन्छ," भङ्गाहा नगरपालिका-६ हतिसर्वाका ऐनुल राइन भन्छन्, "वरपरका नदी खेतमा सिंचाइका लागि काम आउनुको सट्टा घरखेत बगाएको आँखाभरि हेर्नुपरेको छ, के उक्सिउँला हामी किसान !"

जिल्लाको कुल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये १० प्रतिशतमा मात्र स्थायी सिंचाइको प्रबन्ध (कुलो, नहर) पुगेको र बाँकी जग्गा आकाशेखेतीकै भरमा गरिन्छ। स्थायी सिंचाइ प्रबन्ध भएका ठाउँमा पनि खडेरी पर्दा पानीको स्रोतको मुहान सुकेर आकाश नै ताक्नु पर्ने अवस्था कैयौं वर्ष परेको सिञ्चित भनिएको क्षेत्रकै किसान बताउँछन्।

लगातारको वर्षा र डुबानले धानखेती मात्र नभएर तरकारीखेती पनि चौपट भएको छ। तरकारीका बेला (लहरा) र बोट निरन्तरको वर्षाको चोटले सोत्तर भएर लडेका छन् । तरकारी पानीले गलाएर बोट र लहरा पहेंलिंदै गएर सुक्दैछन् । यसैगरी, जताततै डुबानले घरपालुवा पशुवस्तु चरणमा लान, डुलफिर गराउन नपाएर गोठकै हिलोमा राख्नुपरेको पशुपालक किसानको बिलौना छ । लगातारको वर्षाले पशुवस्तुको आहारा जुटाउन सकस परेको लोहारपट्टी-१ बगडाका सियाशरण यादव गुनासो गर्छन्।

जिल्लाको यो अवस्था अन्त्यका लागि टालटुले बाँधले नथेग्ने देखिएको छ । कटान र डुबान रोक्न नदीमा दुईतर्फी पक्की तटबन्ध निर्माण र नदी र यिनका मुहान क्षेत्रमा हुने अनियन्त्रित उत्खनन रोक्न सके मात्र अवस्था फेरिने पाका किसानको भनाइ छ। यस काममा तीनै तहका सरकारको पहलकदमी, तदारूकता र प्रतिबद्धता काममैं देखिए बाढी, डुबान र कटानको समस्या घट्दै जाने जलेश्वर-६ बखरीका ८० वर्षीय महेश्वर रायको सुझाव छ।


## वर्गीकृत विज्ञापन






जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७७/०७८

# रक्सौल-काठमाडौं रेलमार्गको विस्तृत अध्ययन कार्यमा ढिलाइ

प्रस, परवानीपुर, २१ असार/

भारत सरकारको अनुदानमा निर्माण हुने रक्सौल–काठमाडौं रेलमार्ग योजनाको विस्तृत अध्ययन गर्ने काममा ढिलाइ भइरहेको छ। दुवै सरकारबीच विस्तृत अध्ययनको लागि सहमति भइसके पनि अध्ययनको लागि समझदारीपत्रमा हस्ताक्षर हुन नसकेकोले काम अघि नबढेको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतको रेल विभागका वरिष्ठ डिभिजनल इन्जिनीयर तथा प्रवक्ता अमन चित्रकारका अनुसार कोरोना महामारीका कारण करीब एक वर्षदेखि समझदारीपत्रमा हस्ताक्षर हुन सकेको छैन । एक वर्षअघि रक्सौल–काठमाडौं रेलमार्ग निर्माण योजना अघि बढाउन प्रारम्भिक चरणमा प्रिलिमिनरी इन्जिनीयरिङ कम ट्राफिक सर्भे (पिइसिटी)को काम भइसकेको छ।

त्यसपछि नेपाल र भारतका सरकारबीच विभिन्नपटकको वार्तामा कुन



रूटबाट, कहाँ के बनाउने भन्नेबारेमा फाइनल लोकेशनको काम अर्थात् विस्तृत अध्ययनको लागि प्रारम्भिक सहमति भइसकेको छ। दुवै सरकारबीच भएको प्रारम्भिक सहमति अनुसार विस्तृत अध्ययनको लागि १८ महीनाको समय राख्ने शर्त रहेको रेल विभागका प्रवक्ता चित्रकारले बताए। नेपाल र भारतबीच व्यापार तथा पारवहन सहजताको लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुई वर्षअघि रक्सौल–काठमाडौं रेलमार्गको योजना भारत सरकारले अघि बढाएको घोषणा गरेका थिए ।

रक्सौल–काठमाडौं (चोभार)सम्मको रेलमार्गको लम्बाइ १३६ किलोमिटर हुने अनुमान छ। रक्सौलबाट वीरगंजको सुक्खा बन्दरगाह र एकीकृत भन्सार जाँचचौकीबीचबाट पथलैया–निगजढ–चोभार रेलमार्ग लगिने योजना छ। तराई–मधेस द्रुतमार्गकै छेउबाट रेलमार्ग काठमाडौं लैजाने गरी दूरी निर्धारण गरिएको छ।

रेल विभागका प्रवक्ता चित्रकारका अनुसार अहिले नै रेलमार्गको रूट कुन हुनेबारेमा यकीन भएको छैन । अन्तिम अध्ययन प्रतिवेदन आएपछि कुल लागत, पुल, सुरुङ मार्ग, रूटलगायतका बारेमा खुल्न सक्छ । उनले कोरोनाले ढिला भएको काम अब समझदारीपत्रमा हस्ताक्षर गरेर अध्ययन अघि बढाउन दुवै सरकार अघि बढ्नुपर्ने जरुरी रहेकोतर्फ ध्यानाकर्षण गराए ।

# बहुअरीका अधिकांश उद्योग डुबानमा

प्रस, परवानीपुर, १९ असार/

बारा, परवानीपुर गाउँपालिका वडा नं ५ बहुअरी गण्डकस्थित निम्बस समूहको प्रोजिओकेम प्रालिमा पानी पसेको छ । सो उद्योग विगत तीन दिनदेखि डुबानमा छ ।



डुबानमा परेको बहुअरी गण्डकस्थित निम्बस समूहको उद्योग । तस्वीरः राधेश्याम पटेल

सो उद्योगमा पानी पसेर विभिन्न रङ्गका मास्टर ब्याच, बोरा बनाउने प्लास्टिकको दाना, तयारी बोरा, ननवुभेन फेब्रिक, वुभेन फेब्रिक, मास्कलगायतका सामान भिजेर लाखौं मूल्यको क्षति भएको छ। पानी पसेर विभिन्न रङ्गका मास्टर ब्याच, बोरा बनाउने प्लास्टिकको दाना, तयारी बोरा, ननवुभेन फेब्रिक, वुभेन फेब्रिक, मास्कलगायतका सामान भिजेर लाखौं मूल्यको क्षति भएको छ।

परवानीपुर गापाको रामपुर, मुसहरी, ताजपुर, कोइरिया टोला, लिपनी, चैनपुर, पर्साको सुखचैनालगायत गाउँका सरेह भएर बर्खाको पानी बग्ने भएकोले बहुअरीमा सञ्चालित अधिकांश उद्योग बर्सेनि डुबानबाट प्रभावित हुन्छन्। यस वर्षको बर्खाले प्रोजिओकेम, चप्पल, कपडा र स्टील उद्योगलगायत आधा दर्जन उद्योगमा पानी पसेको छ ।

यो समस्या हरेक वर्ष आउने गरे पनि स्थानीय, प्रदेश र केन्द्र सरकारले कुनै चासो नदिएको उद्योगीहरू बताउँछन्।

उद्योगी–व्यवसायीहरूले उद्योग वरपरबाट बग्ने नदीको पानी बहावको लागि सुविधायुक्त नालाको निर्माण आवश्यक रहेको बताएका छन् ।

# एकजना महिलासहित ५९ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २१ असार/

गिरिजाप्रसाद कोइराला फाउन्डेशन,




पर्साको आयोजनामा सोमवार सम्पन्न रक्तदान कार्यक्रममा एकजना महिलासहित ५९ जनाले रक्तदान गरेका छन् ।

फाउन्डेशनका पर्सा अध्यक्ष महम्मद सहाबुद्दीनको अध्यक्षतामा भएको थियो रक्तदान कार्यक्रमको उद्घाटन उपप्रमुख शान्ति कार्कीले गरेकी थिइन् ।

रक्तदान कार्यक्रममा नेजमा बेगम, श्याम बैठा, मुन्ना साह, नुरुल हक मियाँ, सुरेश श्रीवास्तव, कासिम अन्सारी, योगेश बेरिवाल, कुमार कट्टेल, बलिराम प्रसाद र मुन्ना कुमारलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्रकी मोबाइल इन्चार्ज डिल्लीमाया घिमिरले बताइन् ।

फाउन्डेशनले नेपाली काङ्ग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री स्व कोइरालाको ९७औं जन्मजयन्तीको अवसरमा रक्तदान कार्यक्रम गरेको फाउन्डेशनका सदस्य दिलीपराज कार्कीले बताए ।

# भेडाहा खोलाको निरीक्षण

प्रस, वीरगंज, २१ असार/

विपद् व्यवस्थापन समिति पर्साको




भेडाहा नदीको पुलबाट कटान क्षेत्रको निरीक्षण गर्दै टोली । तस्वीरः प्रतीक

टोलीले सोमवार भेडाहा नदीको निरीक्षण गरेको छ। हालै आएको बाढीबाट भेडाहा नदीले कटान तथा डुबान गरेका क्षेत्रको टोलीले निरीक्षण गरेको हो ।

लालपर्सा, प्रसोतीपुर, बेलवा, इस्लामपुर, मिलनचोकलगायतका डुबान क्षेत्रको निरीक्षण गरिएको थियो। भेडाहा खोलामा आएको बाढीले सो क्षेत्रका सयौं बिघा जमीन डुबानमा परेको र कटान गरेर क्षति गरेको थियो ।

यसैगरी, बाढीबाट गाउँका सयौं घर डुबानमा परेका थिए। बाढी नियन्त्रणका लागि वीरगंज महानगरपालिकाले गत वर्ष भेडाहा नदीको पूर्व किनारामा तटबन्ध बनाएको थियो तर सो तटबन्धलाई पनि बाढीले बगाएको छ ।

निरीक्षण टोलीमा सांसद प्रदीप यादव, नगरप्रमुख विजयकुमार सरावगी, जिसस पर्साका सभापति नेकमहम्मद अन्सारी, प्रजिअ पीताम्बर घिमिरे, प्रउ बेलबहादुर पाण्डे, सशस्त्र प्रउ राजेन्द्र खड्कालगायत सहभागी थिए ।

# माओवादी केन्द्रको वडा भेला

प्रस, जीतपुर, २१ असार/

नेकपा माओवादी केन्द्रको




जीतपुरसिमरा उपमहानगरपालिका–७ मा वडाभेला सम्पन्न भएको छ ।

केन्द्रका जिल्ला अध्यक्ष क्षेत्रबहादुर श्रेष्ठ अनिलको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले हृदयनारायण रौनियारको अध्यक्षतामा २५ सदस्यीय वडा एकाइ समिति गठन गरेको छ ।

यसैगरी, भेलाले रामप्रकाश यादवको अध्यक्षतामा ३५ सदस्यीय वाइसिएल गठन गरेको छ । भेलामा नेकपा माओवादी केन्द्र प्रदेश २ का सदस्य राजन पौडेल, हरि चौलागाईं, राजदेव पासवान, तपिया रामलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# दलित तथा मुस्लिमलाई ग्यास र चुलो सहयोग

प्रस, सेढवा, २१ असार/

जीराभवानी गाउँपालिका–२



ग्यास सिलिन्डर, चुलो लैजाँदै । तस्वीरः प्रतीक

सेढवाका दलित तथा मुस्लिम परिवारलाई ग्यास सिलिन्डर र चुलो वितरण गरिएको छ ।

गापाले चालू आवमा रु ११ लाख सो कार्यको लागि विनियोजित गरेको र आज १६६ परिवारलाई ग्यास सिलिन्डर र चुलो वितरण गरिएको वडाध्यक्ष महादेव महतो थारूले बताए । उनले आर्थिक अवस्था कमजोर भएका दलित तथा मुस्लिम परिवारले खाना पकाउनको लागि अहिलेसम्म दाउराको प्रयोग गरिरहेका र उनीहरूकै कारण जङ्गल विनाश भइरहेकाले ग्यास र चुलो उपलब्ध गराएको बताए । दलित परिवारलाई वर्षायाममा जङ्गलमा प्रवेश गरेर दाउरा ल्याउन पनि समस्या भएको छ ।

गापा अध्यक्ष रामप्रीत महतोको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष उषादेवी थरुनी, वडासदस्य श्रीकान्ती देवी, नन्दकिशोर साह, शङ्कर पटवारी, कार्यपालिका सदस्य बालेश्वर चौरसियालगायतको सहभागिता थियो ।




हाल बजारमा विभिन्न उद्योगका एलपी ग्यास सिलिन्डरहरू ज्यादै पुराना भएका, कुच्चिएका एवं सिलिन्डर निर्माण मिति र सिलिन्डर प्रयोग गर्ने मितिसमेत मेटिएका सिलिन्डरहरू बिक्री वितरण एवं दैनिक प्रयोगमा रहेको पाइएकोले त्यस्ता ग्यास सिलिन्डर प्रयोग गर्नु सुरक्षात्मकरूपमा जोखिमपूर्ण भई जीउधनको समेत क्षति हुन सक्ने भएकोले नेपाल आयल निगम लिमिटेडको एलपी ग्यास विनियमावली, २०६५ (संशोधनसहित)को विनियम १६ मा उल्लेख भएअनुरूप उद्योगहरूले अनिवार्यरूपमा ग्यास भरेर सिलिन्डर बिक्री वितरण गर्नुपर्ने बेहोरा सम्पूर्ण ग्यास उद्योगी, वितरक, विक्रेताहरूलाई सूचित गरिन्छ। आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागबाट अनुगमन गर्दा तोकिए बमोजिम ग्यास र सोको सिलिन्डर बिक्री वितरण भएको नपाइएमा कानून बमोजिम कडा कारबाही गरिनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग